# लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## यसम, ओखलढुंगा
## कोशी प्रदेश, नेपाल

प.सं.: ०८१/८२

सुचना नं.: २२

मितिः २०८१/०८/१२

ने.सं. ११४५ कछलागा १२ बुधवार

**लिखु गाउँपालिका कार्यक्षेत्र भएका सहकारी संस्थाहरुलाई साधारण सभा सम्पन्न गरी प्रतिवेदन पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।**

**दोस्रो पटक प्रकाशित।**

सहकारी ऐन, २०७४ को दफा ३९ (२) तथा लिखु गाउँपालिका सहकारी ऐन, २०७५ को दफा २८(२) बमोजिम लिखु गाउँपालिकाभित्र मात्र कार्य क्षेत्र भएका सहकारी संस्थाहरुले आगामी २०८१ पौष मसान्तभित्र साधारण सभा सम्पन्न गरी साधारण सभा सम्पन्न भएको मितिले १५ दिनभित्र साधारण सभाबाट पारित प्रतिवेदन लिखु गाउँपालिका कृषि विकास तथा सहकारी शाखामा बुझाउनहुन अनुरोध गरिन्छ। साथै साधारण सभा सञ्चालन गर्दा सहकारी संस्थाको साधारण सभा (कार्य व्यवस्था) निर्देशिका २०७६ को पुर्ण रुपमा पालना गरी देहायका विषयलाई आधार लिनुहुन अनुरोध छ।

१.सहकारी संस्थामा सदस्य बनाएर मात्र कारोबार गर्ने र सवै सदस्यलाई साधारण सभामा उपस्थितिका लागि आह्वान गर्ने,

२.साधारण सभामा कुल सदस्य सङ्ख्याको कम्तीमा ५१ % सदस्य उपस्थित नभए गणपुरक सङ्ख्या नपुग्ने हुँदा गणपुरक संख्या पुऱ्याएर मात्र सभा सञ्चालन गर्ने,

३.साधारण सभामा सदस्यहरुको भूमिकालाई अझ सक्रिय बनाउन उद्घाटन सत्रलाई तथा मनतव्यको कार्यक्रम कम राखी सोझै एजेण्डाउपर सघन छलफल गर्ने वातावरण मिलाउने,

४.लेखापरीक्षण प्रतिवेदन, सञ्चालक समिति तथा लेखा समितिको प्रतिवेदन एवम् पेश हुने अन्य सवै प्रतिवेदन तथा विषयउपर पर्याप्त छलफल गराएर मात्र पारित गर्ने,

५.सञ्चालक समिति तथा लेखा समितिको निर्वाचन हुने भए प्रचलित कानून, मापदण्ड एवम् विनियम बमोजिमको योग्यता पुगेका सदस्यहरु मध्येबाट निर्वाचित गर्ने,

६.साधारण सभाबाट चालु आर्थिक वर्षको संस्थाको हिसाबकिताबको लेखापरीक्षण गर्न एक जना लेखा परीक्षक र आवश्यकतानुसार वैकल्पिक लेखापरीक्षक नियुक्तिको निर्णय गर्ने र निजको पारिश्रमिक तोक्ने,

७.संस्थाको विनियम संशोधन (नियमनकारी निकायबाट स्वीकृत प्राप्त भएपश्चात मात्र लागु गर्ने) कार्यविधि, नियमावली, नीति साधारण सभाबाट पारित गर्ने,

८.संस्थाको चालु आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम साधारण सभाबाटै अनुमोदन गर्ने,

९.साधारण सभाको प्रतिवेदनमा तपशिल बमोजिमका कागजातहरु समावेश गर्ने।

**तपशिल**

क.शेयर सदस्यहरुको उपस्थितिको यसै सूचनासाथ संलग्न ढाँचा अनुसारको प्रमाणित विवरण,

ख.साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि (अध्यक्ष वा सचिवबाट संस्थाको छाप समेत लगाई),

ग.सञ्चालक समितिका सवै र सञ्चालक समितिका सदस्यभन्दा १ जना बढी शेयर सदस्यले निर्णय प्रमाणित गरेको हुनुपर्ने (जस्तै सञ्चालक ७ + शेयर ८ गरी १५ जना),

घ.आ.व. २०८१/०८२ सम्मको कर चुक्ता गरेको व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि (आर्थिक प्रशासन शाखा लिखु गा.पा. बाट)

ङ.लेखापरीक्षण प्रतिवेदनको सक्कलै विवरण (लेखापरीक्षक नियुक्तीको निर्णयसहित),

च.संस्थागत सहकारीको हकमा मूल संस्था नविकरण गरेको प्रमाणित प्रतिलिपि,

छ.कर चुक्ता (आ.व. २०८०/०८१ आन्तरिक राजश्व कार्यालयको) प्रमाणपत्रको प्रतिलिपि,

ज.सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ/संस्थालाई जारी गरेको निर्देशन, २०७४ (पहिलो संशोधन समेत) मा भएका सवै व्यवस्थाहरु अनिवार्य पालन गरेको विवरण,

झ.निर्देशनको दफा २४ बमोजिम कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्ति गर्ने र निजको नाम,ठेगाना, योग्यता र सम्पर्क नं., ईमेल लगायतको विवरण सहितको नियुक्तिको जानकारी नियामक निकायमा उपलब्ध गराउने,

ञ.श्वेतपत्र (शेयर सङ्ख्या, रकम सहितको बचत कर्ता र ऋणीहरुको विवरण समेत) जारी गरी सम्पुर्ण सदस्यहरुलाई जानकारी गराई निकायमा जानकारी दिने,

ट.ऋण उपसमितिको सिफारिसमा सञ्चालक समितिको निर्णयले मात्र ऋण लगानी गरी साधारण सभाबाट अनुमोदन गराउने तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालनमा जोड दिंदै संघ/संस्थाको बचत वृद्धि र भाखा नाघेका ऋण असुललाई प्रभावकारी बनाउने,

ठ.सहकारी संस्थामा नया सञ्चालक समिति गठन भएको भए नवनिर्वाचित सञ्चालक समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि र तीनपुस्ते विवरण यसै सूचनासाथ संलग्न ढाँचा अनुसार हुनुपर्ने। (अनुसूची ६)

ड.सहकारी संस्थाको यसै सूचनासाथ संलग्न ढाँचामा अन्य यथार्थ विवरण उपलब्ध गराउनु पर्ने।

नोटः यस विषयमा थप जानकारी आवश्यक परेमा लिखु गाउँपालिका कृषि विकास तथा सहकारी शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।

२०८१/०८/१२

तिपना श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

Web: likhumunokhaldhunga.gov.np
Email: info@likhumunokhaldhunga.gov.np, likhumun.ads@gmail.com

"लिखु गाउँपालिकाको दृष्टिः सुशासन मार्फत समृद्धि"